बागमती प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८२/८३
चलानी नम्बरः २३२८

मितिः २०८३।०३।१९

नेपाल संवत ११४६ तछलागा तृतिया

विषयःसहजीकरण गरिदिने सम्बन्धमा ।

श्री स्थानीय तह सबै (११९ वटै),
बागमती प्रदेश।

प्रस्तुत विषयमा काठमाडौं विश्वविद्यालय, धुलिखेलले शैक्षिक सत्र २०८३।०८४ मा स्कुल अफ इन्जिनियरिङ र स्कुल अफ साइन्स अन्तर्गत स्नातक तहको कार्यक्रमको लागि प्रदान गर्ने पूर्ण शुल्क छात्रवृत्तिको लागि यस मन्त्रालयले मिति २०८३।०३।१८ गते प्रकाशन गरेको छात्रवृत्तिका लागि दरखास्त सम्बन्धी सूचना तहाँ स्थानीय तहहरुको वेबसाइटमा राखी सहजीकरण गरिदिनु हुन निर्देशानुसार अनुरोध छ । स्नातक तहमा छात्रवृत्तिका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना यसैसाथ संलग्न गरी पठाइएको छ।

उपेन्द्र राई
अधिकृत सातौं

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८ र ०५७-५२३१७९
इमेलः mosd@bagamati.gov.np, वेबसाइटः mosd.bagamati.gov.np

बागमती प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
चलानी नम्बरः

## स्नातक तहमा छात्रवृत्तिका लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः २०८३।०३।१८

काठमाडौं विश्वविद्यालय, केन्द्रीय कार्यालय धुलिखेलको मिति २०८३।०३।०९ को पत्रानुसार काठमाडौं विश्वविद्यालयले शैक्षिक सत्र २०८३।८४ मा स्कूल अफ इन्जिनियरिङ र स्कूल अफ साइन्स अन्तर्गत तपसिलमा उल्लिखित कार्यक्रमहरुको लागि एक-एक जना विद्यार्थीहरुलाई पूर्ण शुल्क छात्रवृत्ति प्रदान गर्न यस मन्त्रालयबाट सिफारिस माग भई आएकोले बागमती प्रदेशभित्र स्थायी बसोबास भई कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको तपसिलको कुनै एक विषयमा देहायबमोजिको कागजात सहित मिति २०८३ असार ३२ गतेभित्र (PDF File) यस मन्त्रालयको इमेल **mosd.bagamati@gmail.com** मार्फत दरखास्त पेश गर्नुहुन सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

क. शैक्षिक छात्रवृत्ति कार्यक्रमको विवरण

1. B.Sc.in Environmental Science
2. B.Sc.in Agriculture
3. Bachelor in Health Informatics
4. B.E.in Mining Engineering
5. B.E.in Chemical Engineering
6. B.E.in Environmental Engineering

ख. दरखास्त पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीले अध्ययन गर्न चाहेको कार्यक्रम, सम्पर्क नं./इमेल सहितको निवेदन पत्र
२. कक्षा १२ उत्तीर्ण शैक्षिक प्रमाणपत्रहरु
३. बागमती प्रदेशमा स्थायी बसोबास भएको प्रमाणित हुने पत्र (जन्मदर्ता/ नागरिकता/ बसाँइसराइ वा अन्य)

रुद्र शर्मा
उपसचिव

फोन नं.: ०५७५२३८२९, इमेलः mosd.bagamati@gmail.com, वेबसाइटःmosd.bagamati.gov.np